Regd. No.: 319442/080/081

# FEMALE ECONOMIC JOURNALIST ASSOCIATION

New Baneswor, Kathmandu, Tel.: +977 01 5172222, Email: feja2080@gmail.com

श्रीमान् प्रमूखज्यू
नेपाल बीमा प्राधिकरण
ललितपुर

मिति : २०८०/०९/०६

**विषय : अतिथिको रुपमा सहभागी भइदिनुहुन**

महोदय,

उपर्युक्त विषयमा विभिन्न संचारमाध्यममा आवद्ध रही आर्थिक बिटमा काम गरिरहेका महिला पत्रकारहरुलाई संगठित गर्ने उद्देश्यले 'महिला आर्थिक पत्रकार संघ' ( **Female Economic Journalist Association)** स्थापना भएको छ । पत्रकारिता पेशामा महिलाको संख्या कम रहेको तथा नेतृत्व तहमा उपस्थिती शुन्य प्रायः रहेको अवस्थामा उनीहरुको क्षमता, नेतृत्व विकास गर्नुका साथै समसामयिक आर्थिक विषयहरुमा अर्न्तक्रिया, छलफल, गोष्ठीलगायतका कार्यक्रमहरुमार्फत आर्थिक मुद्दाको बहस, पैरवी तथा संचारमाध्यमका लागि समाचारमूलक सामाग्रीहरु उत्पादनका लागि काम गर्ने हाम्रो मूख्य उद्देश्य छ ।

संस्था २०८० साल भदौ २७ गते कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा गैर नाफामुलक कम्पनीका रुपमा दर्ता भएको हो । संघमा हाल विभिन्न संचारमाध्यममा कार्यरत ५० जना महिला आर्थिक पत्रकारहरु आवद्ध हुनुहुन्छ । आगामी दिनमा आर्थिक बिटमा काम गरिरहेका सम्पूर्ण महिला संचारकर्मीहरुलाई आवद्ध गराउदै क्षमता विकासका कार्यक्रममार्फत संचारमाध्यमको समाचार शाखाको नेतृत्वमा महिलाको संख्या बढाउने हाम्रो कार्यक्रम छ । यसैगरी आर्थिक विटमा करियर बनाउन चाहने महिला पत्रकारहरुको क्षमता विकास र वृत्ती विकासका लागि सहयोग गर्ने हाम्रो योजना छ ।

यसैबीच संघले आगामी २७ गते दिउसो ११ बजे संघको बार्षिक साधारणसभा गर्ने भएकोले सो कार्यक्रममा सहकार्य गरिदिनुहुनका लागि हार्दिक अनुरोध गर्दछु । हजुरको सहयोगले महिला आर्थिक पत्रकारहरुको मनोवल बृद्धि हुनुका साथै थप मेहनतका लागि हौसला बढ्नेमा पुर्ण विश्वास गर्दछौ ।

कार्यक्रम : २०८० पुस २७ होटल अर्याल

**प्रजिता कुमारी बुढाथोकी**

**सचिव**